# माधव नारायण नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ३ संख्या : ०८ मिति : २०७७/०९/२२

## भाग-२

## माधव नारायण नगरपालिका

# बालविवाह विरुद्ध कार्यक्रम संचालन खर्च कार्यविधि २०७५

**स्वीकृत मितिः२०७५।०९।१५**

**प्रस्तावना :** देशमा रहेको वालविवाह जस्ता कुप्रथाहरुको अन्त्य गर्ने कार्यकमहरु संचालन गर्ने खर्च सम्वन्धी नमूना कार्यविधि, २०७५ महिला, वालवालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले जारी गरेको छ ।

## परिच्छेद १

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यो कार्यविधिको नाम "बालविवाह विरुद्ध कार्यकम संचालन खर्च कार्यविधि २०७५" रहेको छ ।

(ख) यो कार्यविधि महिला, वालवलिका ततथा ज्येष्ठ नागरिक मन्त्रालयवाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसगंले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "प्रदेश र स्थानीय तहको वालअधिकार समिति" भन्नाले वालवालिका सम्वन्धी ऐन २०७५ को दफा ६० वमोजिम गठन हुने समिति सम्भनुपर्दछ ।

(ख) "मन्त्रालय " भन्नाले महिला, वालवालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सम्भनुपर्दछ ।

(ग) "राष्ट्रिय वालअधिकार परिषद" भन्नाले वालवालिका सम्वन्धी ऐन २०७५ को दफा ५९ वमोजिम गठन हुने परिषद सम्भनुपर्दछ ।

(घ) "वालकल्याण अधिकारी" भन्नाले वालवालिका सम्वन्धी ऐन २०७५ को दफा ६१ वमोजिम नियुक्त भएको वा तोकिएको व्यक्ति सम्भनुपर्दछ ।

(ङ) "वालविबाह" भन्नाले २० वर्ष उमेर नपुगी भएको विवाह सम्भनुपर्दछ ।

(च) "विभाग " भन्नाले महिला तथा वालवालिका विभाग सम्भनुपर्दछ ।

(छ) "स्थानीय तह" भन्नाले गाउँपालिका वा नगरपालिका सम्भनुपर्दछ ।

## परिच्छेद २

**३. कार्यविधिको उद्देश्यः**

१. आवधिक र वार्षिक योजना तथा कार्यक्रमहरुमा बाल विवाह विरुद्धका कार्यक्रमहरुलाई प्राथमिकताकासाथ समावेश गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

२. बाल विवाह विरुद्धमा बालक, किशोर तथा पुरुषहरूको सहभागिता सुनिश्चत गर्ने

३. बाल विवाहलाई प्रोत्साहन गर्ने प्रचलित सामाजिक, साँस्कृतिक र परम्परागत मान्यतामा आधारित सोच तथा व्यवहार परिर्वतनका लागि बालबालिका, किशोर-किशोरी, अभिभावक, शिक्षक, धार्मिक, राजनैतिक तथा सामुदायिक अगुवा, संघ संगठन लगायत अन्य सम्बद्ध सरोकारवालाहरूको क्षमता विकास गरी परिचालन गर्ने ।

४. बाल विवाह अन्त्यका लागि संचालित कार्यक्रमहरुको प्रभावकारी रुपमा अनुगमन तथा मूल्यांकन गर्ने ।

**४. कार्यकम संचालन** :

१. बालअधिकार, लैङ्गिकता, यौनिकता, यौन तथा प्रजनन स्वास्थ्य तथा अधिकारका साथै बालविवाहका विषयमा बालक, किशोर तथा पुरुषहरूको सचेतना अभिबृद्धि गर्ने कार्यकमहरु संचालन गर्ने ।

२. बालविवाह विरुद्ध सामाजिक अभियान सञ्चालन गर्न बालक्लब र समुदायका वालवालिकाहरुकोबालकाहरुको क्षमता अभिवृद्धि गर्न आवश्यक तालिमको व्यवस्था गर्ने ।

३. वालमैत्री पुर्वाधार तयार गरी सुरक्षित वातावरण समेतको उचित व्यवस्थापन गर्नका लागिशिक्षक,कर्मचारी तथा व्यवस्थापन समितिका पदाधिकारीहरूलाई आवश्यक तालिम प्रदान गर्ने।

३. बालविवाह विरुद्ध सामुदायिकस्तरमा बाल क्लब, युवा क्लब वा अन्य समुह निर्माण गर्ने वा भएका समुहमा बालिकाहरुको सहभागितालाई प्रोत्साहन गर्ने कार्यक्रमहरु संचालन गर्ने ।

४. सरकारी, गैर सरकारी र निजी संघसंस्थाहरुसँग समन्वय गरी वालविवाह विरुद्ध पारिवारीक सचेतना कार्यक्रम संचालन गर्ने ।

५. वालविवाह, लैगिकविभेद र पितृसत्तात्मक सोच अन्त्य गर्ने कार्यमा वालक , किशोर तथा पुरुषहरुको सहभागीता गराउने सचेतना कार्यक्रमहरु संचालन गर्ने ।

## परिच्छेद ३

**५. खर्च र लेखापरीक्षणः**

बालविवाह तथा बालबालिकामाथि हुने हिंसाको व्यवस्थापनको लागि विभिन्न स्रोतवाट प्राप्त भएको रकम खर्चको प्रचलित कानुन वमोजिम आय व्यव विवरणको लेखा राख्नुपर्नेछ । कार्यक्रम खर्चको आन्तरिक लेखापरीक्षण र अन्तिम लेखा परीक्षण गर्नुपर्नेछ। सोको प्रतिवेदन एक प्रति मन्त्रालयमा पठाउनुपर्नेछ।

**६. प्रतिवेदन पेश गर्नुपर्ने :**

बालविवाह तथा बालबालिकामाथि हुने हिंसाका व्यवस्थापन सम्वन्धी गरेका कार्यक्रमहरुको प्रगती प्रतिवेदन मासिक, त्रैमासिक, अर्धवार्षिक र वार्षिक रुपमा तयार गरी स्थानीय तहले सम्वन्धित प्रदेशको सामाजिक विकास मन्त्रालयमा र प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयले अर्धवार्षिक र वार्षिक रुपमा महिला, वालवालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा पठाउनुपर्ने ।

## परिच्छेद : ४

**७. विविधः**

बालविवाह तथा बालबालिकामाथि हुने हिंसा सम्वन्धी सचेतनामुलक कार्यक्रम संचालन गर्दा बालविबाह अन्त्यका लागि राष्टिय रणनीतिलाइ समेत आधार मान्नुपर्नेछ ।

**आज्ञाले,**

**प्रलव कायस्थ**

**प्रमुख प्रशासकीय अधिकृत**